परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिको इ-पेपर www.crimeoperation.com.np मा लगइन गरी हेर्न सम्पूर्ण महानुभाव हरुमा हार्दिक अनुरोध गरिन्छ । सम्पादक

❑ वर्ष १० ❑ अंक ९ २०७८ असोज १० गते आईतवार Sunday 28, SEP 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## मगही भाषा अभिलेखिकरण गर्न आग्रह

हिरालाल साह

बिराटनगर । राष्ट्रिय जनगणना २०७८ मा मातृभाषाको रुपमा 'मगही' भाषा अभिलेखि करण गर्न एक कार्यक्रमका वक्ताहरुले आग्रह गरेका छन् ।

उक्त कुरा भाषा संस्कृति प्रतिस्ठानले नेपाल पत्रकार महासंघको सभाहलमा आयोजना गरेको "राष्ट्रिय जनगणना २०७८ मा मगही भाषा अभिलेखिकरण अन्तरक्रिया कार्यक्रम वक्ताहरुले आग्रह गरेका हुन ।

कार्यक्रममा प्रमुख अतिथि प्रदेश १ को प्रदेश सांसद बसन्ती देवी यादवले नेपालमा बसोवास गरेका उच्चवर्ग, आदीवासी जनजाती, दलित वर्गमा नपर्ने पिछडा वर्गका ३६ जाती र तराई मधेशमा बसोवास गर्ने दलित, जनजातीहरु समेतले मगही भाषा बोलेपनि राष्ट्रिय जनगणनाहरुमा मात्रै भाषा मैथली लेखाएको मगही भाषा ओझेलमा परेको वताउँदै तर अगामी दिनमा हुने जनगणनामा आफ्नो मातृभाषामा मगही लेख्न र लेखाउन आफ्नो तर्फवाट पहल गर्नु पर्ने वताए ।



अभिलेखिकरण कार्यक्रमका प्रमुख वक्ताहरु

विशिष्ट अतिथि तथा बुद्धिजीवी राजेन्द्र प्रसाद गुप्ताले आउँदो जनगणनामा मगहि भाषालाई अधिक भन्दा अधिक समावेश गराउन गाउँ-गाउँमा गएर यस्तै अभिमुखिकरण कार्यक्रम संचालन गरी आफ्नो मातृभाषाको महलमा मगही लेखाउन जागरण .अभियान चलाउनु पर्ने भन्दै आखाँ बन्द गरी मैथली लेख्नु भन्दा आफ्नो मातृ भाषा जे छ त्यही लेखाउन अग्रह गरेका थिए ।

आउँदो जनगणना २०७८ मा मगही भाषालाई प्रत्येक मगही भाषीले आफ्नो मातृभाषा मगही, पुर्खाको भाषा मगही, सरकारी कामकाजको भाषा मगही कोड नं २७ रहेको महलमा मगही लेखाउन आग्रह गरेका थिए ।

केवट कल्याण समाजका जिल्ला अध्यक्ष रवी शंकर कामत, सुडी समाजका अध्यक्ष रामेश्वर साह, अखिल नेपाल पिछडा बर्ग प्रदेश नं. १ अध्यक्ष मदन किशोर कामत, रंजनीकान्त कामत, मगही अभियन्ता हिरालाल साह, हरिनारायण यादव, मगही कलाकार मुकेश मगही आदिले शुभकामना मन्तव्य राख्दै मातृभाषामा मगही लेखाउने प्रतिवद्धता गर्दै मगही भाषाको प्रचार प्रसार गाउँ-गाउँ सम्म पुर्‍याउने वताएका थिए । कार्यक्रम संचालन मगहि अभियन्ता श्याम सुन्दर सुतिहारले गरेका थिए ।

त्यसैगरी कार्यक्रममा अध्यक्षता गरेका भाषा संस्कृति प्रतिष्ठानका केन्द्रीय अध्यक्ष जय प्रकाश महतोले मगहि भाषा वैदिक कालदेखि स्थापित रहेको छ । प्रदेश नं. १ र २ मा ८२ प्रतिशत जनताले मगही भाषा बोली रहेको भएता पनि विगतका जनगणना तथ्याक भन्दा मिथ्यांक भएकोले सोही आधारमा भाषा आयोगले प्रदेश १ र प्रदेश २ मा मैथली भाषा सिफारीस गरेकोमा आपत्ती जनाउँदै अब हुेन जनगणनामा मगही लेखाएर प्रदेश १ र प्रदेश २ मा सबभन्दा वढी बोलिने भाषा मगही हो भनी सावित गर्न मातृभाषाको महलमा मगही लेखाउन आग्रह गर्दै कार्यक्रम सम्पन्न गरेका थिए ।

## हत्यामा संलग्न चार पक्राउ

बिराटनगर । झापा झापा गाँउपालिका वडा नं. १ माईती घर भई भारत किसनगञ्ज जिल्ला सिंघीमारी ग्राम पञ्चायत बस्ने ५५ बर्षीया डोली भन्ने धोन्नी टुडुको हत्या अभियोगमा संलग्न अभियुक्तहरु प्रहरीको फन्दामा परेका छन् ।

पक्राउ पर्नेमा किसनगञ्ज जिल्ला सिंघीमारी ग्राम पञ्चायतका २३ बर्षीय ऐतवार सोरेन, झापा गाँउपालिका वडा नं. १ का ३७ बर्षीय लखन टुडु सतार, ५६ बर्षीय सिरी साईला भन्ने सोमाई हेमरम सतार र २७ बर्षीय श्रीहेमरम सतार रहेका छन ।

भदौ २५ गते तत्काल नामथर वतन नखुलेको अवस्थामा झापा झापा गाँउपालिका वडा नं. १ स्थित सानो माईखोलामा महिलाको अर्ध शरीर भएको टाँउको, घाटी, पेट (कम्मर भन्दा माथीको भाग) तथा घुडा भन्दा मुनीको भाग नभएको अवस्थामा लास फेला परेको जनाकारी संगै तत्काल जिल्ला प्रहरी कार्यालय झापा र ईलाका प्रहरी कार्यालय कुमरखोद झापाबाट प्रहरी टोली खटि गई घटनास्थल मुचुल्का तथा कानुनी कारबाही अगाडी बढाएको थियो ।

प्रहरीले अनुसन्धान तथा महिलाको अर्ध शरीरको लाश फेला परेको सम्बन्धमा स्थानीय सहित उनको पहिचान गराउने क्रममा अर्ध शरीरको लाश ५५ बर्षीया डोली भन्ने धोन्नी टुडुको रहेको खुलेको थियो । लाशको पहिचान खुलेसंगै थप अनुसन्धानमा जुटेको प्रहरीले उनको हत्या गरेको पुष्ठी गरेसंगै उनको हत्यामा संलग्न रहेका उल्लेखित चारै जनालाई असोज १ गते पक्राउ गरी जिल्ला प्रहरी कार्यालय झापामा पत्रकार सम्मेलन गरी सार्बजनिक गरेको थियो ।

पक्राउ परेकाहरु मृतक धोन्नीको आफन्तहरु रहेको र जग्गाको बिषयमा उनिहरु बिच बिबाद हुदै आएकोमा भदौ २५ गते यी चारै जना मिलेर धोन्नी टुडुलाई माईखोला किनारमा लगी शरीरको बिभिन्न भागमा काटी टुक्रा-टुक्रा पारेर खोलामा फालेको भन्ने

वांकी अन्तिम पेजमा...

## आर्थिक सहयोगको लागि आग्रह

विराटनगर । दुहवी नगरपालिका वडा नं. ८ सुनसरी निवासी गंगाबहादुर बुढाथोकीको परिवारले बोनम्यारो पिडित छोरोको उपचारको लागि मनकारी हातहरुलाई आर्थिक सहयोग गरी दिन आग्रह गरेकोछ ।

नेपाल पत्रकार महासंघको हलमा पत्रकार सम्मेलन गरी मेरो छोरा जनकबहादुर बुढाथोकीलाई इटहरी, विराटनगरको कोशी अस्पताल र नोवेल अस्पतालमा उपचार गराएको मा परिक्षणवाट पहिलो स्टेजको बोनम्यारो क्यानसर देखिएकोले हाल भारतको दिल्ली स्थित राजीवगान्धी अस्पतालमा उपचारको क्रममा रहेको सो उपचारको लागि करी ३०/४० लाख खर्च लाग्ने भएकोले सो खर्चको लागि स्थानीय, प्रदेश र संघिय सरकार लगायत मनकारी हातहरुलाई सहयोग गर्न आग्रह गरेको हो ।

आर्थिक अवस्था कम्जोर रहेको बुढाथोकी वाबु छोरा हरिहन्त मल्टिफाइवर कम्पनीमा काम गरी गुजारा चलाई रहेको थियो । छोरोको स्वास्थ्य विमा गराएको हुँदा नेपालमा औषधी उपचारको लागि ३०/४० हजार मात्र खर्च भएको वहांको भनाई छ ।

त्यो भन्दा वढी खर्च गर्ने हामी संग कुनै स्रोत साधन नभएकोले छोराको जीवन बचाउनको लागि देश विदेशमा रहेका मनकारी दाजु भईहरुले कृषि विकास बैक दुहवी शाखाका खता नं.०६०२८०० ८२९४४८०१४ जम्मा गरी सहयोग गरी दिन आग्रह गरेको छ । बोनम्यारो पिडित जनक वहादुरको श्रीमति र १ छोरी समेत रहेको छ ।

## ठूलो कुरा नगरौ, सानो भएपनि काम गरेर देखाऔं

बिराटनगर । संविधान दिवसको अवासरमा गरिएको एक कार्यक्रमका प्रमुख अतिथी उच्च अदालत विराटनगरका मुख्य न्यायाधीश तिल प्रसाद श्रेष्ठले ठूलो करा नगरौ, सानो भएपनि उपलब्धि मुलक काम गरेर देखाउन आग्रह गरेको छ ।

उक्त कुरा उच्च अदालत विराटनगर बार एशोसियशनले संविधान दिवसको अवसरका 'थुनुवा तथा कैदी बन्दीका संविधान प्रदत्त हक अधिकार प्रचलनको वर्तमान अवस्था र सुधार गर्नुपर्ने पक्षहरु विषयक सरोकारवालासंगको अन्तरक्रिया कार्यक्रममा आग्रह गरिएको हो ।

थुनुवा र कैदी बंदीका संविधान प्रदत्त हक अधिकारको प्रयोग र सुधार गर्नुपर्ने पक्षहरुको विषयमा अधिवक्त बद्री प्रसाद शर्मा (पूर्वाञ्चल विश्व विद्यालयका सह-डीन कानून संकाय) ले प्रस्तुत गरेको कार्यपत्र माथि टिप्पणी गर्दै कार्यपत्रमा समस्याहरुको समाधानको उपायहरु उजागर गरेर आएको भए अझ राम्रो हुन्थ्यो भन्दै यस कार्यक्रममा पिडित पक्ष, नागरिक समाज लगायतको उपस्थिति भएको भए सुनमा सुगन्ध हुने थियो वहांको भनाई थियो ।

सहभागीहरुवाट थुनुवा कैदी वन्दीहरुले खेप्नु परेको समस्या समाधानको लागि साधन स्रोतको कमी भएर थुनुवा कैदी वन्दीहरु कारागारमा कोचेर रहेको अवस्था, कानुन व्यवसायीहरुले थुनुवालाई दिने कानुनी सल्लाहमा प्रहरीद्धारा भई रहेको समस्याहरु उठेकोमा सो सम्बन्धमा प्रमुख अतिथी श्रेष्ठले हामीले ठूला-ठूला भवन निर्माण गर्न सक्दैनौ तर कैदीवन्दीलाई संविधानले प्रदान गरेको अधिकारलाई हामी चाहियौ भने केही हद सम्म सामाधान गर्न सक्ने कुरा वताए ।

कार्यपत्रमा कसुरदारलाई कारागारको विकल्पहरुबाट सजाय भुक्तानी गराउने, सामुदायकि सेव ागर्न आदेश दिन सक्ने, कैद सकाज निलमन गर्ने, सुधार गुहमा राख्ने, पुनस्थापना केन्द्रमा पठाउने सप्ताहको अन्तिम दिन वा रात्रीकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तानी गर्ने व्यवस्था, सामाजिकीकरण गराउनु पर्ने, प्रोवेशन र प्यारोल सम्बन्धि व्यवस्था हुने पर्ने उल्लेख गरेका थिए ।

त्यसैगरी कारागार भित्र न्यूनतम मानवी सेवा र सुविधा उपलब्ध गराउनेमा सरकार निराशाजनक देखिएको छ । जसले गर्दा करागारमा कैदी बन्दीहरुमा संक्रमणको उच्च जोखिम, कैदीवन्दीको बढी चाप, सुधार व्यवस्थाहरुको अवलम्बन नगर्नु, हिरासतमा कानून व्यवसायी संग सहज भेट नहुनु, कारागार यातना गृह होइनन भन्ने धारणमा परिवर्तन नआउनु, कारागार गृह जिर्ण हुनु

वांकी अन्तिम पेजमा...

हार्दिक मंगलमय

शुभकामना

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

प्रकाश मुन्दडा (अध्यक्ष)
मोरंग व्यपार संघ
परिवार

हार्दिक मंगलमय

शुभकामना

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

सुयश प्याकुरेल (अध्यक्ष)
उद्योग संगठन मोरंग
परिवार

हार्दिक मंगलमय

शुभकामना

२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

भीम घिमिरे (अध्यक्ष)
नेपाल उद्योग परिसंघ प्रदेश नं. १
विराटनगर परिवार

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## देश बनाउन...

राज्य सञ्चालनमा रहेका नेतृत्ववर्गले उदाहरण प्रस्तुत गर्न नितान्त आवश्यक छ । राज्यव्यवस्थामा इमानदारी, पारदर्शिता, पद्धति र उत्कृष्टतालाई प्राथमिकता दिँदै सुशासन कायम गरी जनतालाई विश्वासमा लिन जरूरी छ ।

बलिया संस्थाभित्र राजनीतिक हस्तक्षेप मुक्त अदालत, अख्तियार, संवैधानिक निकाय, विश्वविद्यालय र शैक्षिक क्षेत्र, ठूला ठूला स्वास्थ्य संस्था, प्रहरी प्रशासन, आयोगहरू इत्यादि हुन जरुरी छ । यी संस्थाहरू बलिया र कामयावी नभई देश बलियो कदापि बन्न सक्दैन ।

मुख्यत: समृद्ध मुलुकको आधार जनाउने भनेको उत्कृष्ट शिक्षा क्षेत्र र उत्कृष्ट स्वास्थ्य क्षेत्र हुन् । तपाईंहरू दुनियाँको जुनसुकै विकसित वा समृद्ध मुलुक नियाल्नुहोस् कुनै पनि देशको शिक्षा र स्वास्थ्य क्षेत्र अब्बल नभइकन ती कुनै पनि मुलुक विकसित भएको पाउनुहुन्न । त्यस्ता विकसित मुलुकहरूमा भ्रष्टाचार निकै न्यून हुन्छ, राज्य सञ्चालकहरूमा इमानदारी र नैतिकता अटेसमटेस भएर भरिएको हुन्छ । पद्धति अनि पारदर्शिता कायम भएको हुन्छ र त्यस्ता मुलुकहरूले कामदार अरूको देशमा पठाउँदैनन् । बरू विश्वका विभिन्न देशका दक्ष जनशक्ति आयात गर्छन् ।

विश्वमा त्यस्ता समृद्ध देशहरू विरलै होलान् जसले आफ्नो जनशक्ति बेचिकन देशमा समृद्धि हासिल गरेका होलान् र विकसित मुलुकहरूमा देशलाई चिनाउने संस्थाहरू निकै नै बलिया हुन्छन् । यी माथिका विकसित देशका पहिचानहरू हुन अब एकपटक नेपाललाई नियालौं । हामी कुन धरातलमा छौं छर्लङ्ग नै हुन्छ। हामीले राज्यलाई प्रतिनिधित्व गर्ने संघसंस्थाबाट राजनीति निकालेर एउटा असल पद्धतिको थालनी गरी मेरिटोक्रेसीलाई प्राथमिकता दिइनु आजको अपरिहार्यता नै हो र जसको अरु कुनै विकल्प छैन ।

विश्वलाई कोरोनाले चुनौती दिइरहँदा विकसित देशको काम गर्ने शैली छुट्टै छ र नेपालजस्ता विकासोन्मुख देशको काम गर्ने शैली निकै फरक छ । उनीहरू सम्पन्न छन् भने हामी केही स-सानो कुराको निमित्त उनीहरूकै मुख ताकिरहनु परेको छ । उनीहरू भ्याक्सिन बनाइरहेका छन् भने हामी पीपीईमा समेत भ्रष्टाचार गर्न खोज्छौं ।

कोरोनाले हामी जस्ता देशको औकात देखाइदिएको छ । यस्तो परिस्थितिमा सरकारी अस्पताल कति कमजोर रहेछन् भन्ने हाम्रो अघि छर्लङ्ग भएको छ र निजी स्वास्थ्य क्षेत्रले केवल टुलुटुलु हेरिरहेको अवस्थामा डा. गोविन्द केसीले राख्नुभएका मागहरूको सार्थकता निकै बढेको छ । यो अहिलेको परिस्थितिमा हाम्रा स्वास्थ्य संस्था बलिया भइदिएको भए डराइहाल्नुपर्ने अवस्था हुने थिएन ।

नेपालको स्वास्थ्य र शिक्षा क्षेत्रमा व्यापार भइरहेको छ । राज्य र त्यसका माफियाहरू मूकदर्शक बनेर बसिरहेका छन् । एउटा सामान्य परिवारका छोराछोरीले सरकारी स्कूलबाट गुणस्तरीय शिक्षा प्राप्त गर्न निकै मुश्किल छ । यदि गरिहाले पनि निजी स्कूलका विद्यार्थीसँग प्रस्तिस्पर्धा गर्न सक्ने अवस्था छैन । साइन्स, म्यानेजमेन्ट, मानविकी अनि कानून जस्ता संकायमा +२ गर्न सामान्य परिवारको छोराछोरीलाई मुश्किल छ । किनकि यी विषयहरू न्यून शुल्कमा सरकारी कलेजमा पढाइ नै हुँदैनन् वा त्यति सरकारी कलेज नै छैनन् भनौं ।

काठमाडौंमा यी विषय पढाइ हुने निजी कलेजहरू यत्रतत्र छन् जसको शुल्क छोइनसक्नु छ । दुई वर्षमा +२ पास गर्न ५-६ लाख रुपैयाँ खर्च गर्नुपर्छ जुन सामान्य परिवारका अधिकांश नेपालीको औकात बाहिरको कुरा हो । अनि कसरी अधिकांश मध्यम अनि न्यून वर्गका परिवारका छोराछोरी डाक्टर, इन्जिनियर, कृषिविज्ञ, वकिल लगायत धेरै पेशाहरूमा कसरी पुग्छन् ?

यी कुराहरूमा राज्यले ध्यान दिनुपर्छ र यसरी विचौलियाहरूले गरेको व्यापार राज्यले नियन्त्रण गरि शिक्षा र स्वास्थ्यमा समान अवसर सबैलाई प्रदान गर्नु राज्यको कर्तव्य उसले बिर्सन हुँदैन । यी यावत् कुराहरूमा घोत्लिएर नेपालले नयाँ उपयुक्त मार्ग खोल्नु आजको आवश्यकता हो ।

अबको राजनीतिक स्कुलिङ

अब फेरि बन्दूक बोकेर देश समृद्ध बन्दैन र यो जति मूर्खता अब केही हुन पनि हुँदैन । अब त दिमागको प्रयोग गरेर भिजनले देश बनाउने हो । हामीले धेरै राजनीतिक व्यवस्था त परिवर्तन गर्‍यौं तर नेपालको अवस्था परिवर्तन गर्न भने कहिल्यै सकेनौं । यसले व्यवस्था परिवर्तन गर्न आएकाहरूले अब अवस्था परिवर्तन गर्न सक्दैनन् भन्ने प्रश्न गर्न बाध्य पारिदिएको छ। अब नयाँ सोच, नयाँ विचार अनि नयाँ जोशको आवश्यकता परेको हो कि भन्ने सबैमा पर्न थालिसकेको छ किनकि अहिले जोश जाँगरको युवाले सोच्ने सोचले मात्र देशले छलाङ्ग मार्न सक्छ नत्र कछुवा जस्तो घिस्रिने बाहेक अरु केही हुन सक्दैन ।

देशलाई अहिलेको समयमा नयाँ उँचाइ दिन नसक्ने हो भने अब फेरि एकपटक नयाँ उथलपुथल हुनेछ र जुन समयको माग सावित हुनेछ । अहिलेका पार्टीहरू पुरानै शैलीमा चलिरहेका छन् । अनि क्याम्पस र कलेजहरूमा खोलिएका विद्यार्थी संगठनहरूले फाइदा कम ज्यादा घाटा लगाइरहेको भन्ने बहस चल्न थालेको छ र जुन कुराको अध्ययन गर्दा थाहा पनि पाउन सकिन्छ ।

विद्यार्थी संगठनले पनि नेपाली शिक्षा क्षेत्रको विकासमा अंकुश लगाउने काम गरेको भान हुन्छ । हाम्रा धेरै विद्यार्थीहरू क्याम्पस कलेज अध्ययन गर्न, खोज अनुसन्धान गर्न होइन कि एक संगठनका र अर्को संगठनका कसरी भिड्ने भन्ने प्रशिक्षण लिन जान्छन् । भ्रष्टाचार कसरी गर्ने, चन्दा आतंक कसरी गर्ने, ठेकापट्टा कसरी गर्ने भन्ने अदृश्य प्रशिक्षण लिन जान्छन् अनि तस्करीमा कसरी पैसा कमाउने, गुण्डागर्दी, भाँडभैलो कसरी गर्ने भन्ने प्रशिक्षण गरिरहेको भान पनि हुन्छ ।

उनीहरूको धेरै समय पुस्तक र कक्षाकोठा भन्दा बाहिर बितिरहेको हुन्छ । के अबको विद्यार्थी राजनीतिको मोड त्यही हो त ? अबको विकल्पको रूपमा यी विद्यार्थी संगठनहरू पूर्णरूपमा खारेज गर्दै एउटा मात्र स्वतन्त्र विद्यार्थी युनियन कायम गरिनुपर्छ र विद्यार्थीले समग्ररूपमा यसमार्फत नै नेतृत्व विकास गर्न सिक्नेछन् र नेता पनि यसबाट नै उत्पादन हुनेछन् । फेरि नेता त कुनै परिस्थिति र आन्दोलनले पनि त निर्माण गर्ने होला ।

अबको समयमा हरेक क्षेत्रमा राजनीतीकरण गरिनु आवश्यक छैन । पार्टीगत ट्रेड युनियनहरू, पत्रकारका संगठन, पेशागत संगठन र अन्य अनावश्यक जे जे छन्, तिनीहरू पूर्ण रूपमा बन्द गरी स्वतन्त्र छोडिनुपर्छ । अब कि त काङ्ग्रेस कम्युनिष्टले देशलाई निकास दिन सक्नुपर्छ वा आफ्नो सबै संरचना भंग गरेर पूर्णरूपमा शून्यदेखि नयाँ समयानुकूल पार्टीगत संरचनामा जानुपर्छ । होइन भने अबको १० देखि १५ वर्षमा यी पार्टीहरूले आफ्नो अस्तित्व गुमाउनु समयको माग हुनेछ ।

धेरै सक्षम अनि बौद्धिक युवा जमात जो अहिलेको राजनीतिक अवस्थादेखि आकुलव्याकुल छन् र देश विदेशमा अध्ययन गरिरहेका छन तिनीहरू निकै असन्तुष्ट छन् । तिनीहरूको हण्डरठक्कर अनि भोगाइले धेरै पाठ सिकिसकेका छन् र देश नबनुन्जेल केही नहुने रहेछ भन्ने बुझ्न थालेका छन् । एकदिन तिनीहरूको असन्तुष्टि विस्फोट भएर नयाँ आयाम थपिने निश्चित नै छ । किनकि तिनीहरूको क्षमतालाई देशको राजनीतिक संयन्त्रले पचाएन र नातावाद, कृपावाद र लम्पसारवादले प्रश्रय पाउँदा उनीहरूलाई देशले अवमूल्यन गरिरह्यो । भनिन्छ नि नोकर जन्माउन ल्याएको शासन व्यवस्थाले कहिल्यै मालिक जन्माउँदैन । त्यस्तै संसदीय व्यवस्था पनि नोकर जन्माउने कारखाना बन्न पुगेको छ । अब संसदीय व्यवस्थाले नेपाललाई पार नलगाउने समयक्रमले पुष्टि गरिसकेको छ । त्यसैले जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको मोडेलमा जानुको अन्य विकल्प देखिंदैन । साथै अबको चुनावी व्यवस्थालाई निकै कम खर्चिलो बनाउँदै पैसावाला मात्र होइन, जो कोही चुनाव लड्न सक्ने वातावरण निर्माण गर्नुपर्छ ।

अबको राजनीतिक स्कुलिङले राजनीतिक कार्यकर्तालाई भेडापन होइन कि विना पूर्वाग्रह विचारको बहस गरी भिजन सहितको सहीलाई सही अनि गलतलाई गलत भन्ने सामाजिक चेतसहितको व्यवहार सिकाउने हुनुपर्छ । नेपाली राजनीतिमा इमानदारी, नैतिकता, कर्तव्यपरायणता, पद्धति, पारदर्शिता, दूरदर्शिता, उत्कृष्टता अनि जनताको मानमर्यादा कायम गर्दै जनतालाई नै प्राथमिकतामा राख्ने लोक कल्याणकारी राज्यव्यवस्था अव लम्बन गरिनुपर्ने आजको आवश्यकता बनिसकेको छ, नत्र समृद्ध नेपाल मीठो स्वैरकल्पना मात्र हुनेछ।

अन्त्यमा,

जसरी लि क्वान युनले सिङ्गापुरलाई सजाए त्यही दृढताका साथ नेपालले आयाम ग्रहण गर्नुपर्ने देखिन्छ । त्यतिबेला सिङ्गापुरसँग न आफ्नै सुरक्षा सेना थियो, न राम्रो अर्थतन्त्र नै । न त प्राकृतिक स्रोत र साधनले नै सम्पन्न थियो । न ९० प्रतिशत जनतासँग घर नै थिए तर पनि लिको नेतृत्वमा त्यस्तो दयनीय देशले त कायापलट फेर्दै विश्व अर्थतन्त्रलाई आकर्षण गर्न सक्यो भने नेपालले नसक्ने त कुरै छैन ।

अहिले सिङ्गापुर विश्वमा सजिलै अनि सुरक्षित तरिकाले लगानी गर्न सकिने देश बनेको छ । धेरै बहुराष्ट्रिय कम्पनीहरू त्यहाँ खुलेका छन्, समुद्रलाई पुरेर आफ्नो जमीन बढाइएको छ, मुख्य व्यापारिक केन्द्रको रूपमा विश्वमा छाप पारेको छ र अहिले सिङ्गापुरमा जे छ त्यो विश्वकै सर्वोत्कृष्टमा पर्दछ । उसले आफू जुन ठाउँमा अवस्थित छ त्यसबाट निकै फाइदा उठायो र सम्पन्नता हासिल गर्‍यो ।

तसर्थ, नेपाली पनि दुई ठूला राष्ट्रहरूबीच अवस्थित छ र दुवैको जनसंख्या विश्वको कुल जनसंख्याको लगभग आधा हिस्सा हुन आउँछ । अब दक्षिणतिरका नाका मात्र होइन, उत्तरतिरका नाकाहरू नि धमाधम खोलिनुपर्छ र सडकमार्ग, रेलमार्गबाट तुरुन्त जोडिनुपर्छ । जसले धेरै सम्भावनाहरूका निमित्त ढोकाहरू खोलिदिन सक्छ । नेपालमा पनि नीतिगत जटिलताहरूलाई फुकाउँदै सकेसम्म नेपालमा विदेशी लगानी सुरक्षित गर्ने प्रयास गर्दै बहुराष्ट्रिय कम्पनीलाई लगानी गर्न प्रोत्साहित गर्नुपर्छ । यसले गर्दा उत्पादित वस्तुहरूले चीन अनि भारतको ठूलो बजारमा फाइदा लिन सकून । यसबाट नेपाललाई प्रत्यक्ष अनि अप्रत्यक्ष दुवै रूपमा फाइदा नै हुनेछ ।

नेपालमा हुन नसक्ने भनेको केही छैन तर जरुरत छ त असल नेतृत्वको, असल राजनीतिक पद्धतिको, उपयुक्त वातावरणको अनि चेतना, दक्षता, उत्कृष्टताले युक्त नागरिकको । आशा गरौं- सुनौला दिनहरू उषाका किरणहरूसँगै उदाउनेछन् । ( लेखक टेलिभिजन कार्यक्रम निर्माता एवम प्रस्तोता हुन् ।) अनलाई खबरबाट

## ठूलो कुरा...

लगायतका समस्याहरु उल्लेख गरिएको थियो ।

सोही अवसरका मुख्य न्याधिवक्त चुडामणि आर्चायले कार्यक्रमवारे प्रकाश पार्दै मुलुकी ऐनलाई विस्थापित गरी नागरिक अधिकार रक्षाको लागि संविधान निर्माण भए तर संविधानको भावना अनुसार कार्यान्वय भई रहेको वताए ।

नेपाल बार एशोसिएशन मोरंगका पुर्व अध्यक्ष डिल्ली वहादुर कार्की,, अधिवक्त पेशल कुमार न्यौपाने, इलाका प्रहरी कार्यालयका प्रमुखहरु, १ नं. प्रदेश प्रहरी कार्यालयका प्रहरी महानिरिक्षक अरुण विसी, वरिष्ठ अधिवक्ता माधव भट्टराई, लगायतले कैदी वन्दीहरु भोग्नु परेको समस्या र त्यसको समाधानको वारेमा मन्तव राखेका थिए ।

उक्त कार्यक्रमका सभापति आर्थिक मामिला तथा कानुन राज्य मन्त्री लिला वल्लभ अधिकारी कारागार सुधार र कैदी वन्दीलाई संविधानले प्रदान गरेको अधिकारलाई लागु गर्न अरु छलफल गरी कार्यान्वग गराउने प्रतिवद्धता गर्दै कार्यक्रम सम्पन्न गरेको थियो ।

## हत्यामा...

अनुसन्धानका क्रममा खुल्न आएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

पक्राउ परेका ४ जना उपर कर्तब्य ज्यान मुद्धामा कानुनी कारबाही अगाडी बढाई घटना सम्बन्धमा थप अनुसन्धान समेत भईरहेको उक्त कार्यालयले जनाएको छ ।

## मोरंग...

नं.-३ का ८५ बर्षीया धर्मध्वज थापा क्षेत्रीसँग जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी उपरीक्षक जनार्दन जि.सी. सहितको प्रहरी टोलीले भेटी पीडित पुन : भेटघाट कार्यक्रम शुरूवात गरेको थियो ।

उक्त घटनामा संलग्न रही फरार रहेका जिल्ला मोरङ कटहरी गाउँपालिका ७ तकिया बस्ने ८७ बर्षीय उजारू चौधरी थारू र सोही स्थानका ५० बर्षीय शिवना सरदार वातरलाई ३६ बर्ष पछाडी गत भदौ ९ गते पक्राउ गरी कानूनी कारवाही भएको जानकारी गराउँदा निज धर्मध्वज थापा क्षेत्रीले लामो समय पछि पनि न्याय पाएकोमा खुशी ब्यक्त गरेका थिए ।

# खेलकुद महासंघ मोरंगको इन्चार्जमा गरी


किरण गिरी


रितेश श्रेष्ठ

विराटनगर । नेकपामाओवादी केन्द्र निकटका खेलकुद कर्मीको संगठन अखिल नेपाल खेलकुद महासंघ प्रदेश १ को इचार्जको जिम्मेवारी किरण गिरीले पाएको छ ।

त्यसैगरी प्रदेश संयोजकमा सुनसरीका रितेश श्रेष्ठ चयन भएको छ । अखिल नेपाल खेलकुद महासंघको काठमाडौंमा सम्पन्न विस्तारित बैठकले गिरी र श्रेष्ठलाई उक्त जिम्मेवारी तोकेको हो ।

बैठकले प्रदेश १ का १४ वटै जिल्लाका इन्चार्जहरु तोकेको छ । जसअनुसार ताप्लेजुङमा दावा छिरिङ, पाँचथरमा सुरेश साह, इलाममा गंगाप्रसाद फियाङ, झापामा मदन खड्का, धनकुटामा नयन श्रेष्ठ, तेह्रथुममा प्रेम बहादुर खड्का, संखुवासभामा दिव्यराज बराल रहेका छन् ।

भोजपुरमा बाजेन्द्र राई, सोलुखुम्बुमा नाम्गेल शेर्पा, मोरङमा द्वारिका रेग्मी, सुनसरीमा भुपेन्द्र चाम्लीङ राई, उदयपुरमा दिपक थापा, खोटाङमा ध्रुवविक्रम राई र ओखल ढुंगामा आङ्दावा शेर्पा इन्चार्ज भएका छन् ।

काठमाडौंको बानेश्वरस्थित एक पार्टी प्यालेसमा भएको बैठकको उद्घाटन माओवादी केन्द्रका अध्यक्षप्रचण्डले गरेका थिए । जिल्लाइन्चार्जहरुको समन्वयमा प्रदेशका १४ वटै जिल्लामा समिति निर्माण गरिने प्रदेश इन्चार्ज गिरीले जानकारी दिएका थिए ।

९

महामारीको बेला चाडवाड मनाउँदा ध्यान दिनुपर्ने कुराहरू

- सम्भव भएसम्म बजार र आफन्तकोमा नजाऔं,
- सामान खरिद गर्न जानै परे भिडभाडबाट बचौं, भौतिक दुरी कायम गरौ ,
- घर बाहिर निस्कनै परे मास्कको अनिवार्य प्रयोग गरौ,
- घर फर्किएपछि सकभर नुहाउने वा साबुनपानीले हात, मुख, गोडा राम्रोसँग धोऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

### नजिकिँदै चाडपर्व

हिन्दु धर्मालम्बीहरुको महान चाडपर्वहरु नजिकिँदै गई रहेको छ । चाडवाडको वेला मिठा खाने नयाँ कपडा लगाउने भएर केही वढी रकम खर्च गरेर रामाईलो गर्ने गरेका छौ । तर त्यही वला बजारमा व्यपारीहरुले उपभोक्तलाई ठग्ने प्रवृती पनि बढेको हुन्छ । ती प्रवृतिलाई रोक्न उपभोक्ता वर्ग आफै सचेत र सजग हुनु पर्दछ । राष्ट्रपति देखि आम जनता सम्म सवै हामी उपभोक्ता हौ । हामीले सुन देखि नुन सम्म उपभोग गर्ने गर्दछौ । जुन समान हामीले खरीद गर्दछौ त्यो समानको मुल्य, क्वालिटी सरकारले निर्धारण गर्नु पर्छ । सरकारले निर्धारण गरेको क्वालिटी र मुल्यमा फरक परे व्यापारीलाई कारवाही हुन्छ । त्यसको लागि आम उपभोक्ताले कमअसल समान भए तुरुन्त उजुरी गर्नुपर्छ, । समान्यको मुल्य बढी लिए त्यसको पनि उजुरी गरे मात्र कारवाही हुन्छ । त्यसले आफुले समान खरीद गरि सकेपछि बिल लिने वानी बसोलौ । उपभोक्ता हकहित संरक्षणको लागि उजुरी गर्ने बानी बसालौ । चाडवाडको वेला व्यापारीहरुले पुराना समानहरु, समय अवधि समाप्त भएका बस्तुहरु, राम्रो उपभोग समानमा नराम्रो उपभोग समान मिसाएर वेच्ने प्रचलन भएकोले त्यस रोक्त उपभोक्त चलाख हुने जरुरी छ । अन्यथा हामी उपभोक्ता ठगी रहन्छा भने व्यापारी हाम्रै पसाले मोटाई रहेको हुन्छ ।

त्यसमा दुई वर्षदेखि कोरोना भाईरसले बन्द रहेको कारण व्यापारीहरुसंग नयाँ उत्पादका समानहरु भन्दा पुराना उत्पादका समानहरु गोदाममा भरीएको छ । ती समानहरु चाडवाडको मौका छोपी उपभोक्ताई विक्रवितरण गर्ने गरेका छन् । ती कमअसल उपभोग समान उपभोक्ताले उपभोग गरेमा उपभोक्ताको स्वास्थ्यमा समेत असर पर्ने हुन्छ । नेपाल सरकारको मातहतमा नापतौलमा ठगीलाई रोक्त नाप तौल कार्यालय खोलेर बसेको छ भने कमअसल खाद्य्य बस्तुको ठगीलाई रोक्न खाद्य्य गणनियन्त्रण कार्यालमा दर्जनौ कर्मचारी खटाई रहेका छन् । ती कर्मचारीहरु बजार अनुगमन गर्नु भन्दा पनि अहिले व्यपाारीसंग मिलेर आफ्नो दुहनो सेक्ने काम गर्दछ । ती कर्मचारीका कर्मचारीले उजुरी आएमात्र कारवाही गर्ने गैर जिम्मेवार कुरा गर्दै उपभोक्तालाई ठगी रहेको छ । बजारको अनुगमण गर्नुको सट्टा उजुरीको खोजी गर्ने यदि उजुरी आएपनि व्यपारीसंग मिलेर थोरै जनतालाई देखाउने गरी जरिवाना मात्र गर्दछ । उपभोक्ता हकहित संरक्षणको लागि विभिन्न गैरसरकारी संस्थाहरु समेत खुलेका अवस्था छ । तर ती संस्थाहरु व्यापारीलाई कारवाही गराउनुको सट्टा व्यापरीसंग मिलेर आफै मोटाउने तिर लागि रहेको छ ।

उपभोक्ताको हक हित संरक्षण गर्ने हो भने नापतौल कार्यालय र खाद्य्य कार्यालयले व्यापारीहरुको नियम अनुगमण तिर ध्यान दिन जरुरी छ । अहिले त जिल्ला अधिकारीको संयोजकत्वमा अनुगम समिति गठन भएको छ भने प्रत्येक महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिकाहरु उप प्रमुखहरुको संयोजकत्वमा अनुगमन समिति गठन भएको छ तर ती सवै समिति काम गर्न एक्टिभ छैन । ती समितिहरुलाई एक्टिभ गरी बजार अनुगमणलाई निरन्तरता दिदै कम असल बस्तु वेच्ने, तौल कम गरी समान बेच्ने व्यापारीलाई हदै सम्मको जरीवाना र कारवाही गर्नु पर्दछ । उपभोक्ताको हक हित संरक्षणका लागि उपभोक्ता संरक्षण्को लागि खोलिएको संस्था, कार्यालय, आम उपभोक्त एक जुटभएर अगाडी बढेमा मात्र व्यापारीले कमअसल वस्तु विक्री वितरण गर्न छोड्द छ अन्यथा आम उपभोक्ताको कमाईमा बसी बसी व्यापारीले राजाई गर्दछ । त्यसैले वेलामै आम उपभोक्ता सचेत हुन् जरुरी छ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# देश बनाउन हामी कहाँनेर सुधिनुपर्छ ?

दिवस खनिया

सन् १७७५ तिर एशियाले कुल विश्वको अर्थतन्त्रको ८० प्रतिशत हिस्सा ओगटेको थियो । विश्वको कुल उत्पादनको दुई तिहाइ उत्पादन चीन र भारत एक्लैले गर्थे भने त्यसबखत युरोपको अर्थतन्त्र निकै धरासायी थियो । न त त्यसबेला अमेरिकाको अर्थतन्त्र नै बलियो थियो ।

त्यस समयमा एशिया विश्व शक्तिको केन्द्रविन्दुमा थियो । तर सन् १७५० देखि सन् १८५० को बीचमा युरोपेलीहरूले यति द्रुतगतिमा छलाङ्ग मारे कि त्यसपछि विश्व अर्थतन्त्रको साँचो एशियादेखि युरोपको हातमा परिसकेको थियो र त्यसपछि युरोपको एकतर्फी राज चल्न थाल्यो ।

सन् १९५० तिर पुग्दा युरोप र अमेरिकाले विश्वको कुल उत्पादनको दुई तिहाइ हिस्सा ओगटेका थिए भने चीनको योगदान जम्मा ५ प्रतिशत थियो । सन् १७५० तिरको एशियाली अर्थतन्त्रलाई नियाल्ने हो भने त्यसबखतको नेपाल पनि बलियो नै भएको पाइन्छ । नेपालको अर्थतन्त्र राणाकालीन समयसम्म पनि बलियो रहेको र राणाकालका शासकहरूले विभिन्न देशहरूलाई आर्थिक, सैन्य अनि खाद्यान्न सहयोग गर्ने गरेको उल्लिखित इतिहास पढ्न पाइन्छ ।

तर कसरी सम्भव भयो त एशिया केन्द्रबिन्दु भएको अर्थतन्त्र युरोपतिर ढल्किन ? अनि वर्तमान अर्थतन्त्रको बलियो स्तम्भ त अमेरिका नै हो । युरोप अझै बलियो छ । तर के अब फेरि चीनले गरिरहेको द्रुतगतिको अर्थतन्त्रको प्रगति, त्यस्तै गतिमा लम्किन तम्सिरहेको भारत लगायत एशियन टाइगर उपाधिले चिनिने सिङ्गापुर, दक्षिण कोरिया, मलेसिया र ताइवानले गरेको प्रगतिले फेरि विश्व अर्थतन्त्रको केन्द्र एशिया हुने निश्चित नै छैन र ? एशियाले छलाङ्ग मार्दै गर्दा हात्ती (भारत) र ड्र्यागन (चीन) बीचको तरूल (नेपाल) ले भने किन आफ्नो गति लिन सकिरहेको छैन ? के नेपाल सधैं अस्तव्यस्त नै भइरहने हो ? अबको नेपालले समृद्धिको छलाङ्ग मार्न कुन अध्याय अवलम्बन गर्न जरुरी छ ? यी यस्ता प्रश्नहरूमा घोत्लिएर विश्व परिस्थिति नियाल्दै नेपाल अघि बढ्न नितान्त आवश्यक छ ।

अबको अध्याय

हामीले राणाशासन फाल्यौं, पञ्चायत फाल्यौं, राजतन्त्र फाल्यौं, लोकतन्त्रको पुनर्स्थापना गर्‍यौं र संघीय लोकतान्त्रिक गणतन्त्रमा हामी हिंडिरहेका छौं । तर पनि हामीले सोचे जस्तो उपलब्धि प्राप्त गर्न सकेनौं । यो नै वर्तमान अवस्थाको हाम्रो संघर्षको कथा हो ।

धेरै उपलब्धि हामीले प्राप्त पनि गरेका छौं तर के त्यतिकैमा सन्तुष्ट भएर बस्न सक्ने अवस्था छ त ? कि हामी यति नै पाउन योग्य छौं ?

यत्रतत्र अझै नेतादेखि कर्मचारीतन्त्रमा भ्रष्टाचार व्याप्त छ । न्यायालय अनि अख्तियार जस्ता स्वतन्त्र हुनुपर्ने धरोहरहरू दुईचार जनाको गोजीको पत्ता बनेका छन् । प्रशासन पनि सोचे जस्तो विश्वासिलो हुनसकिरहेको छैन र केवल मालिकको रक्षक जस्तो बन्न पुगेको छ ।

शिक्षा अनि स्वास्थ्य क्षेत्र व्यापारीकरणले ध्वस्त हुन थालिसके । बिचौलियाको बिगबिगीले यत्रतत्र नियाल्ने हो भने एउटा कर्मशील मानिस मनोबल गिराएर अब नेपालमा केही हुन्न विदेश नै ताक्नुपर्छ भन्ने निर्णयमा पुग्छ ।

हाम्रो आफ्नो कुनै भरपर्दो बलियो अर्थतन्त्र छैन । पर्यटन व्यवसाय फस्टाउन सकेको छैन । झण्डै ५० लाख युवायुवतीको अरबको पसिनामा जवानी खर्चिएर कतिले आफ्नो ज्यान गुमाएर पठाएको रेमिटेन्सले देशको अर्थतन्त्र जसोतसो चलेको छ । भन्न त हामी कृषिप्रधान देशका नागरिक भन्छौं तर हाम्रो लगभग ६० प्रतिशत किसानले उत्पादन गरेको खाद्यान्नले चार महीना पनि खान पुग्दैन । ब्रेनड्रेनले देशको भोलिको भविष्यमाथि नै शंका गर्ने अवस्था छ ।

हामी नेतृत्व राम्रो भइदेओस् भन्ने चाहन्छौं तर भोट दिने बेलामा भने कहिल्यै केही गर्न नसकेका अनुहारहरूलाई पुनः आशा गर्दै उनीहरूलाई नै प्रतिनिधि चुन्छौं । समस्या नेतृत्व, पद्धतिमा मात्र छैन । समस्या त हामी आम नेपालीमा छ

एक किसिमले भन्नुपर्दा नेपालमा इमानदार भएर बाँच्न निकै मुश्किल छ किनकि यहाँको वातावरण हामीले यस्तो निर्माण गर्‍यौं कि इमानदार नागरिकलाई पनि कुनै दलदलमा मुछिहाल्न हामी संलग्न हुन्छौं । नत्र कि त्यो नागरिक कसैको दास अनि नोकर बन्नुपर्ने हुन्छ । शायद, यी यस्ता यावत् कुराहरू हामीलाई स्वाभाविक नै लाग्छन् । किनकि यी कुराहरू झेल्दाझेल्दा हाम्रो अब बानी नै परिसक्यो । त्यसैले यस्ता हामीलाई असामान्य लाग्नुपर्ने कुराहरू पनि सामान्य लागिरहेका छन् ।

हामी सबैलाई केवल आफ्नै चिन्ता छ । हामी बाहिर खुबै आदर्शका कुरा गर्छौं तर परिआएको खण्डमा आफैं सानासाना स्वार्थका लागि देश छाडिदिन्छौं । हामी देश यस्तो भएन, त्यस्तो भएन त भन्छौं तर आफ्नो कर्तव्य बिर्सन्छौं । हामी देश राम्रो बनाइदिए हुन्थ्यो भन्ने त चाहन्छौं तर आफैं देश बनाउन लागि पर्दैनौं ।

हामी नेतृत्व राम्रो भइदेओस् भन्ने चाहन्छौं तर भोट दिने बेलामा भने कहिल्यै केही गर्न नसकेका अनुहारहरूलाई पुनः आशा गर्दै उनीहरूलाई नै प्रतिनिधि चुन्छौं । समस्या नेतृत्व, पद्धतिमा मात्र छैन । समस्या त हामी आम नेपालीमा छ । एकपटक अब हामी सबै सुध्रिनु आवश्यक छ । नत्र समृद्धि हाम्रो मीठो सपना मात्र रहनेछ ।

बलियो अर्थतन्त्र

कुनै पनि देश समृद्ध बन्न पहिला आफू बलियो हुन नितान्त आवश्यक छ । हामीले आफ्नो कमजोरीमा ध्यान दिएर होइन हाम्रो शक्ति के हो त्यसमा ध्यान दिएर आफू शक्तिशाली बन्नुपर्ने देखिन्छ । हामीले जे जति राष्ट्रवादका गफ हाँके पनि हामी पूर्णरूपमा भारतमाथि परनिर्भर छौं । हाम्रो भू-राजनीतिक अवस्था त हामी बदल्न सक्दैनौं तर फाइदा भने लिन सक्छौं, जसको निमित्त हामीले दृढताका साथ घोत्लिएर खट्नुपर्ने देखिन्छ ।

पहिलो कुरा हाम्रो सामर्थ्य वा शक्ति के केमा छ भनी पहिचान गर्नुपर्ने जरूरी देखिन्छ । त्यो जलविद्युत् हुनसक्छ, पर्यटन हुनसक्छ, आधुनिक कृषि प्रणाली, औद्योगिक क्रान्ति वा अन्य कुनै । यी सबै हामीले पहिचान गरेर त्यसमा पूर्णरूपमा लगानी गरी हामीले आफ्नो सामर्थ्य प्राप्त गर्नुपर्छ । जस्तो कि हाम्रा ५० लाख युवा बाहिर छन्, के तिनीहरूलाई आधुनिक कृषितर्फ आकर्षण गर्न सकिंदैन ? त्यसका निमित्त पहिला राज्यले तयारी गर्न जरूरी देखिन्छ ।

जब क्युबाली क्रान्तिताका खाद्यसंकट हुन थाल्यो तब त्यहाँको कृषि मन्त्रालयले नै सम्पूर्ण नागरिकलाई जहाँ जे सम्भव छ त्यही रोप्न र कुनै पनि जग्गा बाँझो नराख्न आह्वान गरियो । आफूले मन्त्रालय अघिको जग्गामा नै कृषिकार्य शुरू गर्‍यो । क्युबाले त्यसपछि पाठ सिक्यो र कृषिक्रान्तिमा छलाङ मार्‍यो ।

त्यस्तै नेपालमा पनि आवश्यक नीतिहरू ल्याई यदि केही बाधा अड्चन छन भने तिनलाई फुकाई आधुनिक कृषिलाई देशको मेरुदण्ड बनाउनुपर्ने देखिन्छ । हामी प्रविधिमा निकै पछि छौं । हामीले यसको भरपूर प्रयोग गर्न जरूरत छ । जस्तो कि नेदरल्यान्डमा १० हजार हेक्टरमा ग्रीनहाउस (ठूलो अपार्टमेन्ट मोडेलको) निर्माण गरी खेती गरिंदोरहेछ । आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोग गरी कुन बिरुवालाई कति मात्रामा के के तत्व चाहिने हो, कति प्रकाश चाहिने हो, कति पानी चाहिने हो, फल राम्रो नराम्रो के कस्तो लाग्यो भनेर मनिटर गरिंदो रहेछ । यसरी नेदरल्यान्डले कृषिजन्य उत्पादन निर्यातमा यूरोपको दोस्रो हिस्सा ओगटेको रहेछ । यसरी के कसरी हुन्छ हामीले इच्छाशक्ति लिएर काम गर्नुपर्ने हुन्छ ।

अनि जलविद्युतको विकास तीव्र रूपमा गरी सम्पूर्ण नेपालमा वितरण गर्ने काम सबैभन्दा पहिला गर्नुपर्ने हुन्छ र उत्पादन धेरै गरी विद्युत बेच्न सक्नुपर्छ । जब जलविद्युतको विकास हुन्छ । तब त्यस सँगसँगै प्रविधि पनि भित्र्याउन सजिलो हुन्छ र डिजिटल नेपाल रूपान्तरण गर्न सजिलो भएसँगै माथि उल्लेख गरेजस्तै कृषि, शिक्षा, स्वास्थ्य, यातायात, औद्योगिक क्षेत्रमा आमूल परिवर्तन आउँछ । एक किसिमको विकासको चेन रियाक्सन हुनपुग्छ । तसर्थ, हामीले प्राथमिकतामा के राख्यो भने सजिलो हुन्छ भन्ने पहिचान गर्दै कार्य गर्नुपर्ने देखिन्छ ।

पर्यटनको निमित्त त नेपाली एउटा प्रकृतिले प्रदान गरेको स्वर्ग नै हो, त्यसलाई कसरी अर्थतन्त्रको मेरुदण्ड बनाउने भन्ने खोजी गर्दै कार्यान्वयन गरिनुपर्छ । हामीले हिन्दुस्थानदेखि नै करोडौं हिन्दूलाई धार्मिक पर्यटनको रूपमा भित्र्याएर अथाह फाइदा कमाउन सक्छौं। पर्यटनको सम्भावना केलाएर कहिल्यै सकिंदैन । बस आवश्यक छ त दृढ इच्छाशक्ति अनि त्यही अनुसारको नीति र अवस्थाको निर्माण गरिदिनु ।

बलिया संस्था अनि शून्य भ्रष्टाचार

कुनै पनि देश समृद्ध बन्न त्यस देशका संस्थाहरू निकै बलिया हुन आवश्यक छ । बलिया संस्था विना विकसित देशको कल्पना गर्नु मूर्खता हुन जान्छ । संस्था बलियो बनाउन

वांकी ३ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# विद्धत परिषदद्धारा २०४७ सालको संविधान लागु गर्न माग

विराटनगर। संविधान दिवसको अवसरमै नेपाल विद्धत परिषदले २०४७ सालको संविधान लागु गर्न माग गर्दै विराटनगर बजारमा ऱ्याली प्रदर्शन गरेका छन्।

उक्त ऱ्यालीले बजार परिक्रम गर्दै गणतन्त्र चाहिदैन, देश वेच्न पाईदैन, २०४७ को संविधान लागु गर,राजा सहितकोराजतन्त्र स्थापना गर लगायतका नारा लगाउँदै विराटनगर महानगर पालिकाको छेउ देखि ऱ्याली निकालेर जिल्ला प्रशासन चौक, गोल्छा चौक, मुख्य बजारको सडक परिक्रम गर्दैरोड शेषचौकमा कोण सभा गरेको थिए।

उक्त कोण सभालाई पूर्व उपप्रधान मन्त्री बद्री प्रसाद मण्डल लगायतका नेताहरुले वर्तमान संविधानको विरोध गर्दै २०४७ सालको संविधान लागु गर्न जोडदार माग गरेको थियो।




# नेपाल र भारतको दलित तथा पिछडिएको वर्गहरुलाई एउटै मञ्चमा ल्याउन समिति गठन



राजेश कुमार शर्मा

बिराटनगर। भारतर नेपालको दलित, पिछडिएका समुदाय वर्गहरुलाई एउटै मञ्चमा ल्याउन समिति गठन भएको छ।

जेपी सभा भवनमा असोज ३ गते आईतवारका दिन भारत नेपाल सामाजिक सांस्कृतिक मञ्चका अध्यक्षराजेश कुमार शर्माको अध्यक्षतामा भएको वृहत भेलाले भारत नेपाल मैत्री वञ्चित समाज मञ्चको गठन गरेको हो।

सो बैठकले सर्वसम्मत रुपमा भारत नेपाल मैत्री वञ्चित समाज मञ्चको अध्यक्षमा सुरज कुमार सोनुलाई चयन गरिएको थियो। त्यसैगरी उपाध्यक्षमा नगेन्द्र साहनी, महासचिवमा मनीष कुमार, सचिवमारमण कृति, कोषाध्यक्षमा अशोकरामरहेको छ।

त्यसैगरीरणवीर पासवानलाई भारत नेपाल मैत्री वञ्चित समाज मञ्चको मन्त्रीको जिम्मेवारी सर्वसम्मत रुपमा दिएको छ। सदस्यहरुमा अमन पासवान, कुंदन पासवान, अरुण यादव, गुलेन्द्रराम, चयन गरिएको छ। मिडिया इन्चार्जमा सुभाष पासवानलाई चयन गरिएको छ।

भारत नेपाल मैत्री वञ्चित समाज मञ्चको संरक्षक सहसंयोजक विद्यानन्द पासवानले भने भारत होस् वा नेपाल, हामी बीच एक आपसी समानता छ, जसलाई इन्कार गर्न सकिदैन, तर अहिले सम्म हामी मित्र देशमारहेको हाम्रो दुबै देशहरुका वंचित समाजले एक मैत्री ब्यानर अन्तर्गत आफ्नो बिचारलाई साझा गर्नको लागि सक्षम हुनेछन्, जसले भविष्य मा एक नयाँ इतिहास को लागी दूरगामी परिणाम संगै नयाँ इतिहास सिर्जना गर्ने वहांको भनाई थियो।

त्यसैगरी पासवानले भने कि यस संगठनको उद्देश्य समाजमा जनचेतना फैलाएर दुबै देशका दलित, पिछडिएका वर्गहरुलाई एक मञ्चमा ल्याएर आपसी समन्वयर सहयोगको वातावरण वनाउनु हो।

सोही कार्यक्रममा आफ्नो विचारराख्दै युवा पत्रकार मनीष कुमारले भने यो २१ औं शताब्दीमा पनि समाजको एक वर्ग अझै पछाडि छ, समाज को युवाहरु लाईराष्ट्रियर अन्तराष्ट्रिय स्तरमा सबैतिर भाग लिनको लागी प्रोत्साहित गरिनु पर्छ। एकतासंगै मंच मा उपस्थित भएर हाम्रो सहभागिता लिनु पर्छ, तब मात्र हाम्रो समाज प्रगति को एक नयाँ आयाम स्थापित गर्ने वताए।

## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

गाामथान गाउँपालिका मोरंग प्रदेश नं. १

# मोरंग प्रहरीद्धारा पीडित भेटघाट कार्यक्रमको शुभारम्भ

बिराटनगर। जिल्ला प्रहरी कार्यालय मोरङले पीडित सँग पुनः भेटघाट कार्यक्रमको शुभारम्भ भएको छ।

गत असोज १ बाट शुरु गरिएको उक्त कार्यक्रम अन्तर्गत प्रहरीले पिडीतहरुको घरमानै गएर प्रत्यक्ष भेटघाट गरी कानूनी परामर्श, प्रकृयाको जानकारी र पिडकलाई कानूनी कारवाही सम्बन्धमा जानकारी गराउने लक्ष्यका साथ सो कार्यक्रम असोज १ गतेबाट संचालनमा ल्याएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

पिडा दिनेलाई कानून बमोजिमको दण्ड दिनु, समाजलाई अपराध र अपराधको भयबाट मुक्त राख्नु र पीडितलाई कानून बमोजिम उचित न्यायीक उपचार उपलब्ध गराउने उद्देश्यका साथ पीडित मैत्री वातावरण सिर्जना गर्दै, पीडकबाट पीडितलाई हुन सक्ने दवाव, प्रभाव तथा हस्तक्षपलाई रोक्न, पीडितलाई सुरक्षित अनुभूति गराउन, पीडितको पिडा कम गर्दै आत्मबल अभिवृद्धि गर्नु लगायतको जानकारीहरु गराएने गरीन्छ।

त्यसैगरी नेपालको संविधान २०७२ को धारा २१ र अपराध पीडित संरक्षण ऐन २०७५ को परिच्छेद २ मा ब्यवस्था भए अनुसार अनुसन्धान सम्बन्धि सूचनाको अधिकार, न्यायिक कारवाही सम्बन्धि सूचनाको अधिकार, क्षतिपूर्ती तथा सामाजिक पुनःस्थापनाको अधिकार, दण्डहिनताको अवस्था सृजना हुन नदिन तथा पीडित न्याय प्रणाली कायम राख्न पीडितसँग सम्पर्क गरी पीडितलाई कानून बमोजिम सहयोग गर्न आवश्यक देखिएकोले सो कार्यक्रम संचालन गरिएको छ।

पीडित पुनः भेटघाट कार्यक्रम, २०७८ शुरूवातको क्रममा २०४२ साल भाद्र १८ गते भएको खुन डाका मुद्दाका पीडित जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा

वांकी अन्तिम पेजमा...

हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ।
वैद्य परमेश्वर मुर्मु
जगदम्बा जडीबुटी सेन्टर

हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ।
दिनबन्धु गोयल
उद्योगी / व्यवसायी / समाजसेवी

हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ।
जुगल राठी
गोल्ड सिल्भर मार्ट

हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ।
विवेक मालपानी
उद्योगी / व्यवसायी

हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ।
राजन खत्री (प्रमुख)
विराट हेल्थ कलेज खारजी

हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ।
नन्द किशोर राठी
उद्योगी / व्यवसायी

क्राईम अपरेशन
CRIME OPERATION

# प्रेस संगठनमा आचार्य

विराटनगर । प्रेस संगठन नेपाल मोरङको गतआइतबार सम्पन्न जिल्ला भेलाले अर्जुनकुमार आचार्यको संयोजकत्वमा ३७ सदस्यीय जिल्ला सम्मेलन आयोजक समिति गठन गरेको छ ।

मोरङको पथरीमा सम्पन्न भेलाले समितिको सह-संयोजकमा नविन कर्ण र सरोज बस्नेतलाई चयन गरेको छ । सदस्यहरुमा ज्योती शर्मा, हरि अधिकारी, प्रेम देवान, जनक ढकाल, श्रीमन्त भट्टराई, बाबुराम मुडियारी, डम्बर सिन्चुरी, बबिता साम्पाङ, सन्दिप राई, रामकुमारी राई, सुजता लिम्बू, पवन साह रहेका छन् ।

त्यसैगरी सनम रोक्का, राकेश कर्ण, गोपाल नेपाली, मौसम लिम्बू, सनम रोका, सुमन कुरुङ्बा, आशिका लम्साल, एलिना दियाली, शिवहाङ राई, क्रान्ति लिम्बू रहेका छन् । यस्तै विपुल सुवेदी, पुजनदास, मिनु मोक्तान, बबितालिम्बू, सम्झना राई, सुरज ढंगाना, विनोद मेहता, स्मृति तिमल्सिना, राजकुमार मण्डल, सुरञ्जन लिम्बू र सुशिल साह रहेका छन् ।

भेलामापूर्व मन्त्री राष्ट्रियसभा सदस्यगोपी आछामी, प्रदेश सांसद तथा माओवादी केन्द्र मोरङका सह-इन्चार्ज कूल प्रसाद साम्बा, संविधान सभा सदस्य लाल बहादुर सुस्लीङ मगर, माओवादी मोरङका संयोजक गणेश उप्रेती (शुसिल), प्रेस संगठनका केन्द्रीय सचिव तथा पत्रकार महासंघ १ नम्बर प्रदेशका महासचिव विवेक गौतम, संगठनको १ नम्बर प्रदेश संयोजक राजन केडी, केन्द्रीय सदस्यहरू भक्तशेर लिम्बू, गणेश लम्साल, प्रदेश कोषाध्यक्ष मोहन भट्टराईलगायतको उपस्थिति रहेको थियो ।

## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

जहदा गाउँपालिका मोरंग प्रदेश नं. १

# कुष्ठरोग लुकाउने कारणले, रोगीको संख्या बढ्दै



बिराटनगर । नेपला सरकारले सन् २०१० मै कुष्ठरोग निवारण भएको घोषणा गरेपनि रोगलाई लुकाउने कारणले रोगीको संख्या दिन प्रतिदिन संख्या बढ्दै गएको तथ्यांकले देखाएको छ ।

स्वास्थ्य कार्यालय मोरङ, द लेप्रोसी मिसन नेपाल र युके एडद्धारा संयुक्त रुपमा कुष्ठरोग तथा हात्तीपाईले रोग सम्बन्त्री पत्रकारहरुसंग १ दिने अन्तरक्रिया कार्यक्रममा प्रस्तुत गएिको तथ्याँकले यस्तो देखाएको हो ।

स्वस्थ जीवनशैलीको अभाव र कुष्ठरोगीलाई पापको प्रतिफल भएको भन्दै समाजमा घृणा गर्ने तथा रोगलाई लुकाएर बस्ने कारणले रोगीहरुको संख्या पनि बढ्दै गएको स्वास्थ्य कार्यालय स्वास्थ्य अधिकृत एवं कुष्ठरोगको फोकल पर्सन मुलुकचन्द राजवंशीले वताए ।

आर्थिक वर्ष २०७७/०७८ तथ्यांक अनुसार मोरंग जिल्ला भरी कुष्ठरोगीको संख्या १ सय ३१ रहेको वताए । जस मध्ये विराटनगर महानगरपालिका भित्र सबभन्दा वढी ५१ जना कुष्ठरोगीहरु फेला परेको स्वास्थ्य कार्यालय मोरङद्धारा प्रस्तुत तथ्याङ्कमा उल्लेख गरिएको छ ।

तथ्याङ्क अनुसार सबैभन्दा कम ग्रामथान र बुढीगंगामा १/१ जना कुष्ठरोगी भेटिएका छन् भन पथरीशनिश्चरे नगरपालिकामा ४, रंगेली नगरपालिकामा ८, रतुवामाई नगरपालिकामा ८, सुनबर्षी नगरपालिकामा ६, उर्लाबारी नगरपालिकामा ६, सुन्दरहरैंचा नगरपालिकामा ७, धनपालथान गाउँपालिकामा ६, जहदा गाउँपालिकामा ४, कानेपोखरी गाउँपालिकामा ५ र कटहरी गाउँपालिकामा ४ जनामा कुष्ठरोगका समस्या रहेको छ ।

जनस्वास्थ्यकर्मीहरुका अनुसार कुष्ठरोग 'माइक्रो ब्याक्टेरियम लेप्रे' नामक सूक्ष्म जीवाणुको संक्रमणबाट लाग्ने रोग हो । यो रोगले मुख्यत : छाला र स्नायुका टुप्पाहरूमा आक्रमण गर्छ । त्यसबाहेक, यसले नाकको भित्री भित्ता तथा माथिल्लो श्वासनलीमा पनि आक्रमण गर्छ । यो रोग लागेपछि छालामा दागहरु देखिने, स्नायु प्रणाली प्रभावित हुने, नसा सुन्निने दुख्ने तथा सुक्ने, पक्षघात हुने र शरीरका विभिन्न भागमा घाउ खटिरा हुने लगायतका लक्षणहरु देखा पर्न थाल्दछन् ।

कुष्ठरोग लागेपछि छाला रातो हुने, अनुहारको छाला बाक्लो हुने, गिर्खाहरू देखापर्ने र स्नायुमा असर गर्दा हात तथा गोडामा छुँदा थाहा नहुने लगायतका लक्षणहरु समेत देखिन्छन् । यसको न्युनीकरणका लागि रोग लुकाउनुको साटो पत्ता लाग्ने बित्तिकै उपचार गराउने बानीको विकास गर्नुपर्ने स्वास्थ्य कार्यालय मोरङका कुष्ठरोग फोकलपर्सन राजवंशीका भनाई थियो ।

सन् २०१५ देखि नै नेपाल सरकारले रोकथामका लागि सरकारले आम नागरिकलाई 'रिफामपिसिन' नामक निःशुल्क औषधि समेत खुवाउँदै आएको छ । सरकारले २ देखि ५ वर्ष उमेर समूहका बालबालिकालाई १५०, ६ देखि ९ वर्ष उमेर समूहकालाई ३००, १० देखि १४ वर्ष उमेर समूहका लाई ४५० र १५ वर्षमाथिका उमेर समुहलाई ६०० एमजीको एक डोज औषधी खुवाउँदै आएको छ । २ वर्ष मुनिका बालबालिका, गर्भवती महिला, वृद्धवृद्धा, क्षयरोगी र दीर्घरोगीहरुको हकमा भने सम्बन्धित स्वास्थ्य कार्यालयले लिस्ट तयार पारेर उनीको निगरानी समेत गर्दै आएको छ ।

उक्त अन्तरक्रिया कार्यक्रमामा उपस्थित संचार कर्मीहरुलाई कुष्ठरो के हो ? र के कारणवाट हुन्छ, कुष्ठरोग कसरी सर्छ, कुष्ठ रोगको चिन्ह र लक्षण, कुष्ठरोगको प्रकार, कुष्ठरोगको उपचार, कुष्ठरोग उपचार नगरे के हुन्छ, कुष्ठरोगको औषधी कहाँपाईन्छ, कुष्ठ प्रभावित वा विरामीले अपनाउनुपर्ने सावधानीहरु, कुष्ठ रोगीको अंगभंग हुने कारणका वारेमा छलफल गरेका थिए ।

त्यसैगरी कुष्ठरोगको रोकथाम, औषधीको मात्रा, कुष्ठरोग नियन्त्रणमा समुदायको भूमिका, कुष्ठरोगीको पुनःस्थापना लगायको विषयमा बृहत छलफल भएको थियो । कुष्ठरोग दुई किसिमको भएकोले उपचार पनि दुई किसिमले नै हुन्छ । बढी किटाणु भएको कुष्ठरोगी ( एम.बि) को उपचार १२ महिना र कम किटाणु भएको कुष्ठरोगी (पि.बी) को उपचार ६ महिनासम्म पर्छ । उपचारपछि कुष्ठरोग पूर्ण रूपमा निको पनि हुन्छ ।

**बेटा बेटीके बीचमे विभेद नय करू दोनोके स्कुल भेजु ।**

हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
डि. ए. भी. स्कुल परिवार
रानी, बिराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
दुग्ध विकास संस्थान परिवार
कन्चनवारी बिराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
लाईफ गार्ड हस्पिटल
परिवार बिराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
गोल्डेन हस्पिटल परिवार
हस्पिटल चौक बिराटनर

हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
NEURO CARDIO MULTISPECIALITY
HOSPITAL PVT.LTD. BIRATNAGAR

हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
नन्द किशोर राठी
उद्योगी / व्यवसायी

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# गाँजा सहित एक महिला पक्राउ



बिराटनगर । मोरङ बिराटनगर महानगरपालिका वडा नं. १४ जतुवा कि २५ बर्षीया आरती देवी यादवलाई लागूऔषध गाँजा सहित पक्राउ गरिएको छ ।

बिशेष सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले उनको घरबाट लुकाई छिपाई राखेको १७ केजी गाँजा बरामद गरेको हो ।

गाँजा बरामद भए पश्चात आरती देवीलाई नियन्त्रणमा लिई थप अनुसन्धान भईरहेको छ ।

# भदौ महिनामा दुई जना प्रहरी उत्कृष्ट घोषित





बिराटनगर । इलाका प्रहरी कार्यालय चैनपुर, संखुवासभा दरबन्दी भई सोही कार्यालयमा कार्यरत प्रहरी निरीक्षक योगराज खतिवडा र इलाका प्रहरी कार्यालय दोभान, ताप्लेजुङ दरबन्दी भई १ नं. प्रदेश प्रहरी कार्यालय, विराटनगर आरटी शाखामा कार्यरत प्रहरी नायव निरीक्षक रुद्र बहादुर खड्का भदौ महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित भएका छन् ।

विभागिय मुल्य-मान्यता, आदेश, निर्देशनको पालना गरी व्यवसायिक, लगनशील र कर्तव्यनिष्ठ तवरले कर्तव्यपथमा तल्लीन रही उच्च मनोवल र साहसका साथ आफ्नो कर्तब्य निर्वाह गरी एकै परिवारका ६ (छ) जनाको विभत्स ढंगले सामूहिक हत्या गरी लुकिछिपी बसेका अपराधमा संलग्न व्यक्तिहरुलाई अनुसन्धान तथा पक्राउ गरी कानूनी कारवाहीको दायरामा ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुका साथै आम नागरिकहरुमा सुरक्षाको अनुभूति हुने गरी नागरिक समक्ष प्रहरीको छवि उच्च बनाउने तर्फ प्रशंसनीय कार्य गरेकोले इलाका प्रहरी कार्यालय चैनपुर, संखुवासभा दरबन्दी भई सोही कार्यालयमा कार्यरत प्रहरी निरीक्षक योगराज खतिवडालाई भदौ महिनाको सर्वोत्कृष्ट प्रहरी घोषित गरेको हो ।

त्यसैगरी इलाका प्रहरी कार्यालय दोभान, ताप्लेजुङ दरबन्दी भई १ नं. प्रदेश प्रहरी कार्यालय, विराटनगर आरटी शाखामा कार्यरत प्रहरी नायव निरीक्षक रुद्र बहादुर खडकालाई उनीहरुले गरेको उत्कृष्ट काय सम्पादनको उच्च मुल्याङकन गर्दै २०७८ साल भदौ महिनाको सर्वोत्कृष्ट प्रहरी घोषणा गरिएको छ ।

प्रहरी कर्मचारीहरुको मनोवल उच्च बनाउने तथा सम्पादित कार्यको उचित मूल्याङकन गर्दै १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले १ नम्बर प्रदेश भरीका प्रहरी कर्मचारीहरु मध्येबाट प्रत्येक महिना सर्वोत्कृष्ट प्रहरी छनौट गर्दै आइरहेको छ ।

सर्वोत्कृष्ट हुने प्रहरी कर्मचारीलाई पुरस्कृत गरी उत्कृष्ट कार्यको बिवरण सहितको फ्लेक्स प्रिण्ट गरेर १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरमा निर्माण गरिएको स्तम्भ तथा १ नम्बर प्रदेश अन्तर्गत रहेका इलाका प्रहरी कार्यालय "क" स्तरसम्मका प्रहरी कार्यालयहरुमा १ महिना सम्म राखिदै आईएको छ ।

## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रो हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

कटहरी गाउँपालिका मोरंग प्रदेश नं. १

# कौडा खेलिरहेको अवस्थामा नगद सहित १७ जुवाडे पक्रउ

बिराटनगर । कौडा खेलिरहेको अवस्थामा १७ जना जुवाडेहरुलाई प्रहरीले पक्राउ गरेका छन् ।

झापाको दमक नगरपालिका वडा नं. १ स्थितबाट कौडा खेलिरहेको अवस्थामा झापा भद्रपुर नगरपालिका वडा नं. ७ का ५१ बर्षीय युवराज न्यौपाने, भद्रपुर नगरपालिका वडा नं. ९ का ४९ बर्षीय दिल बहादुर राई, भद्रपुर वडा नं. १० का ५० बर्षीय ठाकुर प्रसाद निरौला, बिर्तामोड वडा नं. १ का ४२ बर्षीय तिर्थ अधिकारी, कन्काई वडा नं. ३ का ३२ बर्षीय मोहन बराल र बर्ष ३२ कै सुनिल साह रहेका छन ।

त्यसै गरी गौरादह वडा नं. ५ का ४५ बर्षीय हरि कोईराला, कमल गाँउपालिका वडा नं. ४ का ४७ बर्षीय सुबिन्द्र सुब्बा, दमक वडा नं. ७ का ४९ बर्षीय कर्ण राई, सोही स्थानका ४० बर्षीय राजन दाहाल र ३४ बर्षीय विनोद थेबे, बेलबारी नगरपालिका वडा नं. ११ का २१ बर्षीय निशान पोखरेल, पथरी शनिश्चरे नगरपालिका वडा नं. ४ का ४० बर्षीय बलराम बस्नेत, पथरी शनिश्चरे नगरपालिका वडा नं. १ का ४३ बर्षीय गंगाराम मगर, रहेका छन ।

अन्य जुवाडेहरुमा मोरङ ग्रामथान गाउँपालिका वडा नं. ४ का ५७ बर्षीय लक्ष्मी प्रसाद अधिकारी, ग्रामथान गाउँपालिका वडा नं. ५ का ४२ बर्षीय नैन कुमार चौधरी, वडा नं. ६ का ४४ बर्षीय रुपेश तामाङ र ग्रामथान रहेका छन ।

दमक वडा नं. १ स्थित हिमाल देवानको घर कम्पाउण्डमा ठुलो रकमको बाजी राखी जुवा खेलिरहेको भन्ने बिशेष सुराकका आधारमा मंगलबार राती ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले कौडा खेलिरहेको अवस्थामा यी १७ जनालाई पक्राउ गरेको थियो ।

प्रहरीले जुवाको खालबाट १६ थान कौडा र नगद ४ लाख २७ हजार ६ सय रुपैया समेत फेला पारी बरामद गरेको छ ।

जुवाको खालबाट पक्राउ परेकाहरु उपर जुवा ऐन मुद्दामा कानुनी कारबाही अगाडी बढाईने ईलाका प्रहरी कार्यालय दमकले जनाएको छ ।




हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
राजु गोयल
गोयल हाडवेयर परिवार

हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
संतोष चौधरी
उद्योगी / व्यवसायी

हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
बेबी आईस क्रिम परिवार
बिराटनगर

हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
नन्द किशोर तापडीया
उद्योगी / व्यवसायी

हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
राजेन्द्र राउत
उद्योगी / व्यवसायी

हार्दिक मंगलमय
शुभकामना
२०७८ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।
सुरक्षा अस्पताल प्रा.लि. परिवार
बिराटनगर